# गुलाबी आकास र एकदिन

बिमला तुम्खेवा

एउटा जीवन-
जो औसत मोन्छेहरुको हूलमा
पानी-पानी पग्लिरहेछ
पहाड भएर अग्लिरहेछ
तिमीलाई थाहा छ ?
कस्तरी.......
भीडहरुलाई छिचोल्दै-छिचोल्दै
मसम्म-
आइपुगेका थिए तिम्रा आँखाहरु
र, त्यसदिन आकास पनि गुलाबी-गुलाबी थियो
दिन
शरीरभरिभरि विसंगत खोपेर उभिएको छ

म-
सिंहदरबारको जेब्राक्रसमा उभिएर
सोचिरहेको थिएँ
विगतमा-यही चौरास्तामा उभिएर
कतिपटक मैले
लेखेर मेटाएथें हत्केलामा तिम्रा नामहरु ।

आफ्नो भनेर अनुभूतिलाई अँगाल्नु पनि
एउटा पहाड अग्लिनुरहेछ
एउटा समुद्र तर्नुरहेछ
आकाशजस्तै टिठलाग्दो
सपनाका क्षणहरुले
गुलाबी-गुलाबी भएर
परिबेशलाई बेहुली बनाइरहेको बखत
म-
सोचिरहेछु
साँच्चै......
    पानीको वेगहरुमा
    सपनाकाृ कुनै अर्थ हुन्नरहेछ
    आफ्नो भन्नु आफन्त पनि आफ्नो हुन्न रहेछ
यही-
जेब्राक्रसमा उभिएर
मैले आज सधैं-सधैंको निम्ति
मेटाइदिएँ मस्तिष्कबाटै तिम्रा नामहरु
⊥ ⊥